राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
०८२-५९०६४१

प.सं. २०८३/०८४
च.नं. २०९

मिति : २०८३/०५/२२

**विषयः विषय विज्ञको लागि आवेदन पेश गर्ने सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरु,

राजपुर, राप्ती र गढवा गाउँपालिका र लमही नगरपालिका दाङ।

प्रस्तुत विषयमा यस कार्यलयको मिति २०८३/०५/२२ गतेको निर्णयबमोजिम यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने अस्थायी/करार/राहत/अनुदान शिक्षक, बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारी छनौट गर्ने प्रयोजनार्थ विषय विज्ञ शिक्षक रहेको रोष्टर तयार गर्ने निर्णय गरेको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक शिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलबमोजिमका कागजातहरु सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा विषय विज्ञ सुचिकृत हुन निवेदन पेश गर्नुहुन अनुरोध छ।

<u>विज्ञ सुचिमा सुचिकृत हुन आवश्यक योग्यता:</u>

क) आधारभूत तह कक्षा १-५ का लागि सम्बन्धित तह वा सो भन्दा माथि ३ वर्ष स्थायी सेवा गरेको ।

ख) आधारभूत तह कक्षा ६-८ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथि ३ वर्ष स्थायी वा गरेको।

ग) माध्यमिक तह कक्षा ९-१२ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथि ३ वर्ष स्थायी सेवा गरेको ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. शैक्षिक योग्यतासम्बन्धि कागजातहरु

३. अध्यापन अनुमति पत्रको प्रतिलिपि

४. स्थायी नियुक्ति पत्रको प्रतिलिपि

६. विज्ञ सुचिमा सुचिकृत हुनका लागि सम्बन्धित तहको सम्बन्धित विषय शिक्षक सेवा आयोगले हालसालै निर्धारण गरेबमोजिमको पाठ्यक्रममा आधारित रहि निर्माण गरिएको ३ सेट Traditional Unicode font मा कम्प्युटरमा टाइप नमुना प्रश्नपत्रको खामबन्दी हार्डकपी र सफटकपी। पुनश्चः एक भन्दा बढी तह वा विषय विज्ञमा सुचिकृत हुनको लागि अलग-अलग निवेदन र माग भएबमोजिमको कागजात पेश गर्नु पर्ने छ।

083/05/22
लालचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत